## निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### सवारी साधन भाडामा लिने सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७४।११।२८ गते

यस कार्यालयलाई आ.ब. २०७४।२०७५ को आषाढमसान्त सम्मका लागी सुमो जीप वा स्कारपियो जीप भाडामा लिनको लागी सिलवन्दी दररेट माग गर्ने निर्णय भएको हुदां निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको कागजातहरु सहित इच्छुक सवारी धनीहरुले सिलवन्दी दररेट पेश गर्नु हुन यो सुचना प्रकाशीत गरीएको छ ।

तपसिल

१) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वा मिति २०७४।१२।१२ गते कार्यालय समय भित्र सम्वन्धित सवारी धनीले आफनो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबारावाट फिर्ता नहुने गरी नगदै रु १,०००।- एक हजार मात्र बुझाई सिलवन्दी दररेट फाराम खरीद गर्न सकिनेछ ।

२) सवारी धनीले उक्त सिलवन्दी दररेट फाराम मिति २०७४।१२।१२ भित्र दर्ता गरी सक्नू पर्नेछ । उक्त सिलवन्दी दररेट फाराम सोही दिन कार्यालय समय भित्र खोलीने छ । सिलवन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलवन्दी दररेट उल्लेख गर्दा मासिक भाडा दर वहाल कर वाहेक उल्लेख गर्नु पर्ने छ । दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खूलाइएको दररेटलाई मान्यता दिइनेछ ।

४) सवारी धनीले सवारी साधन उपलव्ध गराउदा चालक अनिवार्य उपलव्ध गराउनु पर्नेछ । चालकको मासिक तलव समेत सोही भाडामा समावेश गरेको हुनु पर्नेछ ।

५) सवारी साधन कार्यालयले आवश्यकता अनुसार प्रयोग गर्नेछ । नारायणी अन्चल सोसंग जोडिएका जिल्लाहरुमा सवारी साधन सन्चालन गर्दा कार्यालयले चालकलाई थप कुनै सुविधा उपलव्ध गराउने छैन । रात विताउने गरी जानु पर्ने भएमा करारमा उल्लेख भए बमोजिम खाना, खाजा तथा वास खर्च उपलव्ध गराइने छ ।

६) सवारी साधनको लागी आवश्यक पर्ने इन्धन आवश्यकता अनुसार कार्यालयले उपलव्ध गराउने छ ।

७) एक पटक पेश भएको सिलवन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।

८) सिलवन्दी दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

९) माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४र प्रचलित ऐन कानुन बमोजिम तथा आपसी छलफलवाट निर्णय लिइनेछ ।

भरतचन्द्र अधिकारी
प्रमुख प्रशासकीय अधिकृत